दैनिक
# लुम्बिनी
निजी क्षेत्रबाट निरन्तर प्रकाशित पहिलो राष्ट्रिय दैनिक

वर्ष ३६ | अंक २६१ | बुटवल | २०८१ भदौ ३१, गते सोमबार | नेपाल संवत ११४४ | Monday Sept.16, 2024 | पृष्ठ ४ | मूल्य रु. ६ मात्र | Lumbini



हामी बोलेर मात्र होइन पुऱ्याएर छाड्छौं

तपाईको अत्यन्तै जरूरी चिठी एवं पार्सलहरू नेपाल लगायत भारत र विश्वका प्रमुख शहरहरूमा पठाउनु परेमा हामीलाई सम्झनुहोस् ।

सुपर काइनेटिक कुरियर्स सर्भिस

ट्राफिक चोक हिमालयन बैंकको साइड (सुर्य लाईफ इन्सोरेन्स भएको भवन)

फोन:- ०७१५४२५७१


## ४० सह–सचिवको सरुवा

बुटवल । सरकारले एकसाथ ४० जना सहसचिवको सरुवा गरेको छ । गत बिहीबारको मन्त्रिपरिषद् बैठकले प्रशासनसहित विभिन्न सेवाका प्राविधिक सहसचिवहरुको जिम्मेवारी हेरफेर गरेको छ ।

काठमाडौं महानगरपालिकाका प्रमुख प्रशासकीय अधिकृत प्रदीप परियारको पनि सरुवा गरेको छ । परियार काठमाडौं महानगरपालिकाबाट सञ्चार तथा सूचना प्रविधि मन्त्रालयमा सरुवा भएका छन् । गत माघमा काठमाडौं महानगरपालिकामा गएका उनी एक वर्ष पनि पूरा नहुँदै सरुवा भएका हुन् ।

काठमाडौं महानगरपालिकामा उद्योग वाणिज्य तथा आपूर्ति मन्त्रालयबाट सरोजप्रसाद गुरागाईं सरुवा भएका छन् ।

राजीव पोखरेलको मधेश प्रदेशको उद्योग वाणिज्य मन्त्रालयबाट संघीय सरकारको भौतिक पूर्वाधार तथा यातायात मन्त्रालयमा सरुवा भएको छ ।

यातायात व्यवस्था विभागका महानिर्देशक उद्धवप्रसाद रिजालको मुख्यमन्त्री तथा मन्त्रिपरिषदको कार्यालय मधेश प्रदेशमा सरुवा भएको छ ।

सूचना तथा प्रशारण विभागका महानिर्देशक बलराम रिज्यालको संघीय मामिला तथा सामान्य प्रशासन मन्त्रालयमा सरुवा भएको छ । रामेछापकी प्रमुख जिल्ला अधिकारी अनिता निरौलालाई शिक्षा, विज्ञान तथा प्रविधि मन्त्रालयमा ल्याइएको छ ।

शिक्षा, विज्ञान तथा प्रविधि मन्त्रालयका सहसचिव सुमन घिमिरेलाई गृह मन्त्रालयमा पठाइएको छ ।

राष्ट्रिय दलित आयोगमा कार्यरत शिवराज चौंलागाईंलाई पोखरा महानगरपालिकामा प्रमुख प्रशासकीय अधिकृत बनाइएको छ ।

पोखरा महानगरपालिकाका प्रमुख प्रशासकीय अधिकृत श्यामकृष्ण थापाको गृह मन्त्रालयमा सरुवा भएको छ ।

» बाँकी ३ पेजमा

# मान्छे र पर्यावरण जोगाउन प्रदेशमा पहिलो सर्प महोत्सव

**नेपालमा सर्पको टोकाईबाट वर्षेनी सरदर तीन हजार जनाको मृत्यु हुने गरेको तथ्यांक छ । सर्पले टोकेपछि सिधैं अस्पताल पुऱ्याउनुपर्नेमा धामीझाँक्री वा अन्य परम्परागत उपचारमा अल्झिने परिपाटीले मृत्युदर बढेको सर्पविज्ञहरुको भनाइ छ । महोत्सवले सर्पको पर्यावरणीय, चिकित्सकीय, धार्मिक तथा सांस्कृतिक महत्व पनि उजागर गर्ने छ ।**


टिआर शर्मा
*बुटवल*






सर्पसम्बन्धी अध्ययन अनुसन्धान गर्ने संस्था अल्कोबाका अनुसार सन् २०२२ मा नेपालमा ४० हजार जनालाई सर्पले डसेको थियो । सर्पदंशबाट सो वर्ष करिब तीन हजार जनाको मृत्यु भयो ।

विश्व स्वास्थ्य संगठनको तथ्यांकअनुसार सन् १९८७ मा नेपालमा वार्षिक २० हजार जना सर्पको टोकाइबाट प्रभावित भएका थिए भने एक हजार जनाको मृत्यु भएको थियो ।

यसरी हेर्दा नेपालमा सर्पदंशको दर र मृत्यु दर वर्षेनी बढ्दो छ । अन्य वन्यजन्तुको तुलनामा सर्पदंशबाट हुने मानवीय क्षति बढी भए पनि यसको रोकथामका लागि सम्बन्धित सरकारी निकायले पर्याप्त चासो नदिएको र लगानी पनि नगरेको यो क्षेत्रमा काम गर्ने संस्था र व्यक्तिहरुको गुनासो छ ।

यही परिवेशमा 'मानव र सर्पबिच सहअस्तित्व प्रवर्द्धन' नारासहित लुम्बिनी प्रदेशमै पहिलो सर्प महोत्सव तथा अन्तर्राष्ट्रिय सर्पदंश जनचेतना दिवस हुने भएको छ । तिलोत्तमा नगरपालिका, बुटवल उप-महानगरपालिकाको सहयोगमा शंकरनगर बन बाटिका तथा अनुसन्धान केन्द्र परिसरमा अन्तर्राष्ट्रिय सर्पदंश दिवस पारेर असोज असोज १ र २ गते महोत्सव हुन लागेको महोत्सवका संयोजक तथा सर्पविशेषज्ञ कमल देवकोटाले बताए । महोत्सवले सर्पको पर्यावरणीय, चिकित्सकीय, धार्मिक तथा सांस्कृतिक महत्व पनि उजागर गर्ने छ । यस्तै सर्पसम्बन्धी चित्रकला, फेस आर्ट, फोटो प्रदर्शनी, सर्पको उद्धार कसरी गर्ने, औजारहरुको प्रयोग, सर्पसम्बन्धी विज्ञ, नेचर गाइड, कुन प्रजातिको सर्पले कुन समयमा डस्छ भन्ने बारेमा रेस्कुयरहरुबाट आवश्यक जानकारी दिइनेछ ।

महोत्सवमा सर्पका प्रजातिबारे जानकारी, सर्पले टोकेको अवस्थामा के गर्ने, सर्पलाई मार्न नहुनेबारे आम जनसमुदायमा सचेतना फैलाउने विभिन्न गतिविधिहरु हुने सर्पविज्ञ कमल देवकोटाले जानकारी दिए । उनका अनुसार महोत्सवमा ५ हजारजना बढीको सहभागिता हुने छ । जसमा सर्पविज्ञहरु करिब ३५ जना, स्कुल र कलेजका विद्यार्थी, शिक्षकहरु करिब ५ हजार जना सहभागी हुने छन् । महोत्सवले सर्प र पर्यावरण तथा वातावरणबिचको सम्बन्ध, जैविक विविधता संरक्षणमा सर्पको भूमिका विषयमा विज्ञहरुले जानकारी गराउने छन् ।

'महोत्सवमा सर्पका प्रजातिबारे चिनाउने, सर्पसम्बन्धी चित्रकला, फेस आर्ट, फोटो प्रदर्शनी, सर्पको उद्धार कसरी गर्ने, औजारहरुको प्रयोग, सर्पसम्बन्धी विज्ञ, नेचर गाईड, रेस्कुयरहरुबाट आवश्यक जानकारी दिने छौं ।'-देवकोटाले भने ।

लुम्बिनी प्रदेशमा सबैभन्दा बढी सर्पका बारेमा चिकित्सकहरुलाई तालिम दिएको प्रदेश पर्दछ । तर पनि उपचारको क्रममा विशेषज्ञ चिकित्सकहरु उपलब्ध नहुने समस्याका कारण धेरै घटनाहरु हुने उनले बताए । नेपालमा एक दर्जनभन्दा बढी विज्ञ चिकित्सक नरहेको हुँदा पनि देशभर उचित उपचार सेवा दिन सक्ने अवस्था नरहेको उनले बताए । 'अस्पतालहरुमा तालिम प्राप्त विशेषज्ञ नहुँदा पनि उपचारमा समस्या रहेको छ ।'–उनले भने । सर्पमा पनि पछिल्लोसमय राजगोमन बचाउने अभियानलाई बढी जोड दिएको उनले बताए ।

महोत्सवलाई सफल बनाउन शंकरनगर वन विहार तथा अनुसन्धान केन्द्रले आयोजकको रुपमा सक्दो सहयोग गर्ने अध्यक्ष बेलप्रसाद शर्माले बताए । 'सर्प महोत्सव लुम्बिनी प्रदेशमा पहिलोपटक हुन लागेको हो, यसले सर्पको अनुसन्धानमा पनि सहयोग पुराउने भएकाले हामी आयोजक भएर सहकार्य गरेका छौं ।'-शर्माले भने ।

केन्द्रका उपाध्यक्ष खिमलाल पाण्डेले अधिकांश सर्पहरु विषालु नहुने भएकाले सर्पलाई देखेपछि मार्नुपर्छ भन्ने गलत मान्यताबारे महोत्सवले जनचेतना फैलाएर सर्प र मान्छे दुबैलाई जोगाउन भूमिका खेल्ने बताए ।

सर्पका कति प्रजाति छन् ?

विश्वमा करिब ४ हजार बढी प्रजातिका सर्पहरु पाइन्छन्, जसमध्ये करिब ७ सय प्रजातिका सर्पहरु मात्र विषालु हुन्छन् । नेपालमा विभिन्न अनुसन्धानकर्ताहरुका अनुसार करिब ८४ देखि ९० प्रजातिका सर्पहरु पाइन्छन्, जसमध्ये अहिलेसम्म चिकित्सकीय महत्वको हिसाबले १८ प्रजातिका विषालु सर्पहरु रहेको रेकर्ड गरिएको छ । नेपालमा तराईको सय मिटरदेखि हिमालको ४८ सय मिटरसम्म सर्पहरु पाइन्छन् । देवकोटाका अनुसार नेपालमा विषालु सर्पहरुमा एलापिडाए परिवार अन्तर्गत कोब्रा, करेत र कोरलमात्रै पर्दछन् । जसको न्यूरोटक्सिन भेनोम हुन्छ । राजगोमन विश्वकै सबैभन्दा लामो र विषालु सर्प हो र यो नेपालमा पनि पाइन्छ । भाइपरडाई परिवारअन्तर्गत बाघे सर्प (रसेल्स भाइपर र पिट भाइपर्स सर्पहरु पर्दछन्, जसको हेमोटक्सिन भेनोम हुन्छ । कोलोब्राइड परिवारअन्तर्गत नेपालमा र्‍हाब्डोफिस प्रजातिको सर्प मात्र विषालु पाइएको सर्पविज्ञ देवकोटाले बताए ।

सबै सर्पहरु विषालु हुँदैनन्

सर्पविज्ञ कमल देवकोटाका अनुसार सबै सर्पहरु विषालु हुंदैनन् । सर्पले मानिसलाई टोक्ने भनेको पेट भर्नका लागि नभई यो त आफ्नो बचाउका लागि गर्ने प्रतिरक्षा आक्रमण मात्र हो । यसको मुख्य आहारा त स-साना जीवहरु जस्तै मुसा, भ्यागुता, कीराफट्यांग्रा आदि हुन् ।

» बाँकी ३ पेजमा

# 'लुम्बिनीमा पर्यटक सर्किट बनाएर भारतीय पर्यटक बढाइन्छ'




दशरथ घिमिरे
*दाङ*


लुम्बिनी प्रदेशका मुख्यमन्त्री चेतनारायण आचार्यले लुम्बिनीमा भारतीय पर्यटकको आगम बढाउन भारतको उत्तर प्रदेश सरकारसँग सम्बन्ध विस्तार गर्ने तयारीमा रहेको बताएका छन् ।

बुद्ध जन्मस्थल लुम्बिनी र गौतमबुद्ध विमानस्थललाई लक्षित गरी रुपन्देहीमा अर्बौं लगानीका पर्यटकीय पूर्वाधारहरु बनेकाले त्यहाँ धेरै भन्दा धेरै भारतीय पर्यटक भित्र्याउन अपरिहार्य रहेको उनले बताए । लुम्बिनी केबलकारको अवलोकनपछि सञ्चारकर्मीहरुसँग कुरा गर्दै मुख्यमन्त्री आचार्यले उत्तरप्रदेशको २४ करोड जनसंख्यालाई लुम्बिनी प्रदेशका पर्यटकीय स्थलमा आकर्षित गर्न मुख्यमन्त्रीस्तरमा वार्ता र सहकार्य गर्ने तयारीमा रहेको उनले बताए । केबलबारको माथिल्लो स्टेशनमा बनेको कामाख्यादेवी मन्दिरले भारतीय धार्मिक पर्यटकलाई समेत आकर्षित गर्ने उनले औंल्याए ।

'भारतीय पर्यटकहरुको सहज आवागमनका लागि प्रदेश सरकारले उत्तर प्रदेश सरकारसँग सहजीकरण गर्ने तयारीमा छ,' मुख्यमन्त्रीले भने-'यसमा नेपाल सरकारको पनि सहयोग आवश्यक छ, हामीले पर्यटकको बसाई लम्ब्याउन मुख्य पर्यटकीय स्थललाई जोडेर प्रदेश पर्यटन सर्किट पनि बनाउँदै छौं ।'

मुख्यमन्त्री आचार्यले भारतीय पर्यटकका सवारीसाधनलाई सीमा नाकाबाट कम्तीमा चुरेको फेंदीसम्म प्रवेश अनुमति र भारतीय पर्यटक चढेका सवारीसाधनलाई सुरक्षा जाँचको नाममा ट्राफिक प्रहरीले अनावश्यक दुःख दिने परिपाटी अन्त्य गर्न नीतिगत सुधारको पहल भइरहेको बताए ।

'ट्राफिक प्रहरीको अनावश्यक चेकजाँचबारे जनगुनासो प्राप्त भएपछि सुरक्षा अधिकारीहरुसँग छलफल गरेर पर्यटकलाई सहज वातावरण बनाउंदैछौं,' उनले भने-'लुम्बिनी आउने पर्यटकलाई बुटवल हुँदै लुम्बिनी केबलकार, रानीमहल हुँदै स्वर्गद्वारी पुऱ्याउने हाम्रो योजना छ ।'

लुम्बिनी आउने पर्यटकलाई प्रदेशका १२ जिल्लामा भ्रमण गराउने गरी पर्यटन सर्किटको विकास गर्ने तयारी रहेको उनले बताए ।

केबलकारका अप्रेसन म्यानेजर डिएन कायस्थ सैंजूले आइएमई ग्रुप र स्थानीयको संयुक्त लगानीमा लगानीको लुम्बिनी केवलकारको माथिल्लो स्टेसनमा ३ अर्ब लागतमा १५० कोठा, एक हजार जना क्षमताको ब्याङक्वेट हल, क्यासिनोसहित पाँचतारे होटेल बनाउन लागेको मुख्यमन्त्री आचार्यलाई जानकारी गराए । केबलकारले करिब सयजनालाई रोजगारी दिएको र प्रत्येक टिकटको २ प्रतिशत रकम बुटवल उपमहानगर र तिनाउ गाउँपालिकालाई दिँदै आएको जानकारी गराए ।

२०८० जेठ २५ बाट सञ्चालनमा आएको केबलकारमा एक वर्षमा २ लाख पर्यटकले अवलोकन गरेका सैंजूले बताए ।




## सम्पादकीय

# पर्यटकमैत्री पूर्वाधार र कार्यक्रम आवश्यक

पर्यटकका लागि घुम्नका लागि सहज यातायात सुविधा, गुणस्तरीय बास र घुम्ने ठाउँमा उनीहरु रमाउने वातावरण हुनुपर्छ । पर्यटकीय स्थल छन्, तर सहज यातायात सुविधा र राम्रो बास बस्ने होटलको सुविधा छैन भने पर्यटक बढाउन सकिंदैन् । सडक र हवाइ यातायातको सुविधा छ, पर्यटक सहजै पुग्न सक्छन् । र पर्यटकलाई छानी छानी राम्रो होटल उपलब्ध छ, तर उनीहरु रम्ने वातावरण भएन भने पर्यटक आकर्षित गर्न सकिंदैन । अहिले लुम्बिनीले भोगेको नियति हो यो । लुम्बिनीमा जे छ, त्यसैमा पर्यटकको बास बढाउन सकिंदैन । पर्यटन प्रवर्द्धनका लागि गर्नुपर्ने धेरै काम छन्, जुन काम गर्न सरकारी निकायको ध्यान पुगिरहेको छैन ।

लुम्बिनीमा पर्यटकको बसाइँ लम्ब्याउन प्रवर्द्धनका विभिन्न कार्यक्रमलाई पर्यटन व्यवसायी विक्रम पाँडेकाजीले ब्राण्डिङ गर्न लागेका छन् । राज्यले गर्नुपर्ने काम एउटा व्यक्तिले गर्नु सामान्य विषय होइन्, इच्छाशक्ति हुने हो र जिम्मेवार नागरिकको कर्तव्य सम्झने हो भने एउटा व्यक्तिले धेरै गर्न सक्छ, सरकारी निकायको ध्यानाकर्षण गराउन सक्छ, व्यवसायीलाई जागृत गराउन सक्छ भन्ने उनी नमूना बनेका छन् ।

लुम्बिनीमा आउन चाहेका बौद्धमार्गीलाई आकर्षित गर्न माता मायादेवी सुत्केरी मार्ग, चिनियाँ बौद्धयात्री ह्वेन साङ हिंडेको बाटो ह्वेन साङ मार्ग, बुद्धले तिलौराकोट दरबार छाड्दाको अवस्था र ज्ञान प्राप्त गरेपछि तिलौराकोट फर्केको दिनको चित्रण गर्दै कार्यक्रम गरेर बौद्ध पर्यटक तान्न सकिने अवधारणा अघि सारिएको छ । पाँडेकाजीको यो अवधारणा बौद्ध पर्यटक भित्र्याउन गतिलो औजार बन्न सक्छ । बुद्ध जन्मेको बैशाख पूर्णिमामा लुम्बिनीमा विभिन्न देशका बौद्धमार्गीहरु आइरहेका छन् । मायादेवी लुम्बिनीमा सुत्केरी भएपछि तिलौराकोट दरबार फर्केको बाटो माता मायादेवी सुत्केरीमार्गका बारेमा दातृ निकाय विश्व बैंक पनि सकारात्मक छ । भारतमा बौद्ध पर्यटक भित्र्याउनका लागि पूर्वाधार निर्माणमा ठूलो लगानी गरेको विश्व बैंक लुम्बिनीमा पर्यटक मैत्री पूर्वाधार बनाउन लगानी गर्न इच्छुक हुनुले स्रोतको अभाव हुन्न भन्ने संकेत हो ।

नेपालमा पर्यटीय स्थल धेरै छन् । ती स्थलमा आउने पर्यटकलाई लक्षित गरी कार्यक्रम र पूर्वाधार निर्माण गर्न योजना बनाउनुपर्छ । स्थानीय, प्रदेश र संघीय सरकारले समन्वय गरी योजना बनाउने, पूर्वाधार निर्माणका लागि बजेट विनियोजन र कार्यान्वयन गर्न सक्छन् । घुम्ने संस्कृति पछिल्ला वर्ष धेरै बढेको छ । खाना, पोशाक र घुम्नका लागि नेपालीले पनि पछिल्ला वर्ष खर्च गर्न थालेका छन् । पर्यटकीय स्थलको रुपमा विकास गर्न पर्यटक रम्न सक्ने पूर्वाधार बनाउन सक्दा हामीले आन्तरिक र बाह्य पर्यटक बढाउन सक्छौं । देशको अर्थतन्त्रलाई चलायमान बनाउन सक्छौं ।

# अबको विद्यार्थी आन्दोलनको कार्यदिशा



**मदन भुल**

*राजनीतिक व्यवस्था परिवर्तनका लालसेना क्रान्तिकारी युवा विद्यार्थीले अबको समाजवादी शिक्षा स्थापनाको महाअभियानमा नेतृत्वदायी भूमिका निर्वाह गर्न आवश्यक छ। जनयुद्धकै महान् सहिद दिलबहादुर रम्तेल, पूर्ण पौडेल र बेनोज अधिकारीका अधुरा सपना पूरा गर्ने दायित्व अखिल क्रान्तिकारीको काँधमा रहेको छ। महान् सहिदको रगतले लेखिएको संविधानमा उल्लेख भएका मौलिक हक, शिक्षा, स्वास्थ्य र रोजगारको ग्यारेन्टीको दायित्व सरकारले नै लिनुपर्छ। यसलाई कार्यान्वयन गराउनु अखिल क्रान्तिकारीको अबको कार्यभार बनेको छ।*

अहिले हामीसँग दोहोरो शिक्षा प्रणाली छ। एकापट्टि मुनाफासहित सबै साधन र स्रोत प्रयोग गरेर धनीका छोराछोरीले पढिरहेको निजी शिक्षा छ भने अर्कातिर राज्यले प्रदान गरेको सर्वसाधारणका छोराछोरी पढ्ने गरेको सरकारी शिक्षा छ। यस्तो दुई प्रकारको शिक्षा प्रणाली रहेसम्म प्रणालीगत समस्या समाधानको कल्पनै नगरे हुन्छ। अझैं विडम्बनाको विषय त के छ भने एउटै छानोमुनि दुई प्रकारका शैक्षिक कार्यक्रम सञ्चालनमा रहेका छन्। जसले गरिब जनताका छोराछोरीको चर्को शुल्कले ढाड मात्र सेकेको छैन, विद्यार्थीमा गहिरो मनोवैज्ञानिक असरसमेत पारेको छ।

आज शैक्षिक संस्थाहरू शैक्षिक संस्थाजस्ता नभएर व्यापारीका ठगीधन्दा चलाउने सटरजस्ता बनेका छन्। जसले गर्दा आज वर्गीय असमानताको ठूलो खाडल सिर्जना भएको छ। शिक्षा देशको भविष्य, क्रान्ति र परिवर्तनको तत्व हो। दलाल पुँजीवादी शिक्षा प्रणाली अन्त्य गरी समाजवादी शिक्षा स्थापना अहिलेको मुख्य आवश्यकता हो। शिक्षाको उद्देश्य मानवजातिलाई निरन्तर उन्नत बनाउनु र मानव समाजलाई निरन्तर समृद्धिको दिशामा अग्रसर गराउनु हो। समाजवादी शिक्षाले जनताको कला, संस्कृति र सभ्यताको पहिचान झल्काउँछ। पुँजीवादी समाजमा शिक्षालाई व्यापारको वस्तु बनाइन्छ। जहाँबाट उत्पादित जनशक्तिलाई आफ्नो वर्ग र स्वार्थविरुद्ध नलागून् भनेर केन्द्रित गरिन्छ। आज विदेशी विश्वविद्यालयले आफ्नो आवश्यकताअनुकूल आफ्ना कारिन्दा र दास उत्पादन गर्ने उद्देश्यले पाठ्यक्रम तयार गर्ने गरेका छन्।

अहिले मुठीभर पुँजीवादीले आफ्नो स्वार्थका लागि समग्र शिक्षा प्रणालीलाई प्रयोग गरिरहेका छन्। पुँजीवादी शिक्षा प्रणालीले उसका निम्ति चाहिने सेवक उत्पादन गर्छ। यसको मुख्य कमजोरी शिक्षालाई श्रमबाट अलग्याउनु हो। शिक्षा क्षेत्रमा समाजवादको उद्देश्य जनविरोधी वर्गबाट जनताको हातमा सम्पूर्ण उत्पादनका साधन र सत्ता ल्याउनु हो। जसरी पुँजीवादमा शिक्षालाई व्यापारको विषय र अन्धभक्त कारिन्दा उत्पादन गर्न प्रयोग गरिन्छ। समाजवादमा समग्र मानवजातिको विकास र नयाँ ज्ञान तथा प्रविधिद्वारा उच्च तहको मानव सभ्यता निर्माण गर्न शिक्षालाई प्रयोग गरिन्छ। शिक्षामा समाजवादको अर्थ मानवद्वारा मानवमाथि हुने सबै प्रकारका शोषणको अन्त्य गर्नु हो। वर्गीय चेतनाको विकास गर्नु समाजवादी शिक्षाको मुख्य दायित्व हो।

सामाजिक, आर्थिक र राजनीतिक प्रणाली नै धमिलो भइरहेको बेला शैक्षिक प्रणाली मात्र संग्लिन्छ भन्ने अपेक्षा गर्न सकिन्न। जब मूल धमिलिन्छ, तब सबैतिर पानी धमिलो नै जान्छ। यसकारण मूल नै सफा गर्न आवश्यक छ। यस दिशातर्फ अबको विद्यार्थी आन्दोलन केन्द्रित हुनुपर्छ। पछिल्ला वर्षमा औसतमा प्रतिदिन चार सय ६० विद्यार्थीले सरकारबाट 'नो अब्जेक्सन सर्टिफिकेट' (एनओसी) लिने गरेका छन्। युवा विद्यार्थीको यो पलायनसँगै समग्र राज्यको 'ब्रेन ड्रेन' र 'इनर्जी ड्रेन' भएको छ। दैनिक एक हजार आठ सयजनाको दरले युवाको विदेश पलायनको यो अवस्थामा देशमा उत्पादनमुखी कार्यक्रमका लागि अबको विद्यार्थी आन्दोलनले जोड दिनु अति आवश्यक छ। आजको युग सुहाउँदो समयसापेक्ष विद्यार्थी आन्दोलनको स्वरूप र कार्यदिशामा हामी क्रान्तिकारी विद्यार्थी स्पष्ट हुन जरुरी छ। जहाँ अँध्यारो हुन्छ, त्यहाँ उज्यालो पनि हुन्छ। जहाँ दिन हुन्छ, त्यहाँ रात पनि हुन्छ। जहाँ समस्या हुन्छ, त्यहाँ समस्याका कारण र समाधानका उपाय पनि हुन्छन् । यो विज्ञानसंगत प्राकृतिक नियम हो । समस्या र चुनौतीको चाङ मात्रै देखाएर भाग्ने छुट हामी क्रान्तिकारी शक्तिलाई छैन। मुक्ति र मृत्युको कसम खाएको अखिल क्रान्तिकारीले समाधान निकाल्ने गरी सम्पूर्ण विद्यार्थी संघ-संगठन एकजुट गरेर अघि बढ्न अति आवश्यक छ।

मुठीभरका शैक्षिक दलाल, माफिया, लोकतान्त्रिक गणतन्त्र अर्थात् परिवर्तनविरोधी प्रतिगामी राष्ट्रघाती शक्ति, विस्तारवाद र साम्राज्यवादका 'एजेन्ट'हरू आज विद्यार्थी आन्दोलनलाई कमजोर बनाउन दृश्य एवं अदृश्य रूपमा जोडबल गरिरहेका छन्। अखिल क्रान्तिकारी राजनीतिक व्यवस्था परिवर्तनको सेनानी, शैक्षिक रूपान्तरण एवं राष्ट्रियताको पहरेदार र आन्दोलनको नेता संगठन भएकाले इतिहासले सुम्पिएको हाम्रो स्वर्णिम कार्यभार पूरा गर्न सबैखाले चुनौतीको डटेर सामना गर्न आन्दोलनमा शैक्षिक संस्था र कक्षाकोठाको प्रतिनिधित्व गर्न नियमित विद्यार्थी संलग्न हुनुपर्छ। उनीहरूले आफ्नो अध्ययन र अनुसन्धानको दायरालाई फराकिलो बनाउँदै देशमा शैक्षिक बिचौलियाको अन्त्य गरी विदेशका कालकोठरीमा सस्तो मूल्यमा श्रम बेच्न बाध्य लाखौं विद्यार्थीलाई नेपाल फर्किने र रोजगारीको अभावमा भौँतारिएका नेपाली विद्यार्थीलाई स्वदेशमै बस्ने वातावरण सिर्जना गर्न राज्यलाई दबाब दिँदै जागरणको आवाज उठाउनुपर्छ। शैक्षिक क्षेत्रको आमूल परिवर्तनसहित समाजवादी शिक्षा प्रणाली स्थापनाका लागि अखिल क्रान्तिकारीले आगामी दिनमा निम्न लिखित एजेन्डा उठान गर्न आवश्यक छः

१. शिक्षा क्षेत्रमा भएको विभेद र वर्गीय असमानताको खाडल पुर्न निजीकरण र व्यापारीकरणविरुद्ध निर्णायक आन्दोलन गर्ने।

२. समाजवादी शिक्षा प्राप्तिका लागि देशव्यापी बहस, दबाब र जागरण अभियान सञ्चालन गर्ने।

३. केन्द्रदेखि स्थानीय तहसम्म शिक्षामा कम्तीमा २० प्रतिशत बजेटका लागि संघर्ष गर्ने।

४. विश्वविद्यालयहरूको चल-अचल सम्पत्तिको सार्वजनिकीकरण गरी संरक्षण गर्न पहल गर्ने।

५. राज्यबाट सेवा-सुविधा लिएका सम्पूर्ण नागरिकका छोराछोरीलाई आफ्नो घरनजिकको सार्वजनिक शैक्षिक संस्थामै अनिवार्य अध्ययन गराउने कानुनी व्यवस्था गर्ने र सार्वजनिक शैक्षिक संस्थाको गुणस्तर सुधार गर्न संघर्ष गर्ने।

६. एक शैक्षिक संस्था : एक उत्पादन नीतिलाई अगाडि बढाउन पहल गर्ने।

७. बर्सेनि लाखौं संख्यामा हुने दक्ष जनशक्ति विदेश पलायनलाई रोक्न स्वदेशमै रोजगारीको अवस्था सिर्जना गर्न राज्यलाई दबाब दिने।

८. सार्वजनिक गाडीभाडामा आवश्यक समायोजन र देशव्यापी विद्यार्थीलाई ४५ प्रतिशत छुटका लागि संघर्ष गर्ने।

९. भ्रष्टाचारविरुद्ध देशव्यापी अभियान सञ्चालन गर्ने।

१०. नेपाललाई विश्वकै एक उत्कृष्ट शैक्षिक गन्तव्य बनाउन पहल गर्ने।

११. शिक्षामार्फत् जनताको समग्र विकास गर्न, वर्गीय चेत निर्माण गर्दै देशको आर्थिक, सामाजिक र सांस्कृतिक विकासका निम्ति संघर्ष गर्ने।

१२. राष्ट्रियता जागरण अभियान सञ्चालन गर्ने।

अखिल क्रान्तिकारीको अबको कार्यभार : जनयुद्धकालमा क्रान्तिकारी विद्यार्थी आन्दोलनले दुईटा मान्यता राम्रोसँग स्थापित गऱ्यो। पहिलो राष्ट्रका लागि बलिदान र दोस्रो, निजी शिक्षा प्रणालीविरुद्धको आन्दोलन। यी दुवै मुद्दालाई अद्यपी हामीले इमानदारीपूर्वक उठाउँदै आएका छौँ। यही आन्दोलनको बलबाट आज संविधानमा शिक्षा, स्वास्थ्य र रोजगारीलाई मौलिक हकका रूपमा उल्लेख गर्न संविधान निर्माताहरू बाध्य भएका छन्। शिक्षा अनिवार्य र निःशुल्क भन्नुको अर्थ अब कम्तीमा विद्यालय तहको शिक्षामा व्यापार गर्न पाइँदैन भन्ने हो। विद्यार्थी आन्दोलन दबाब र जागरणको प्रतिपक्षी आन्दोलन हो। यसकारण बलिदानको अग्रदस्ता लाखौं विद्यार्थीको प्रिय संगठन अखिल (क्रान्तिकारी) माथि जनताका छोराछोरीको ठूलो आशा, विश्वास अनि भरोसा छ।

राजनीतिक व्यवस्था परिवर्तनका लालसेना क्रान्तिकारी युवा विद्यार्थीले अबको समाजवादी शिक्षा स्थापनाको महाअभियानमा नेतृत्वदायी भूमिका निर्वाह गर्न आवश्यक छ। जनयुद्धकै महान् सहिद दिलबहादुर रम्तेल, पूर्ण पौडेल र बेनोज अधिकारीका अधुरा सपना पूरा गर्ने दायित्व अखिल क्रान्तिकारीको काँधमा रहेको छ। महान् सहिदको रगतले लेखिएको संविधानमा उल्लेख भएका मौलिक हक, शिक्षा, स्वास्थ्य र रोजगारको ग्यारेन्टीको दायित्व सरकारले नै लिनुपर्छ। यसलाई कार्यान्वयन गराउनु अखिल क्रान्तिकारीको अबको कार्यभार बनेको छ।

विद्यार्थी आन्दोलनमाथि प्रश्न उठिरहेको बेला अखिल क्रान्तिकारीकै पहलमा केही समयअगाडि इन्जिनियरिङ अध्ययन संस्थान र सिटिइभिटीले बढाएको शुल्क अखिल क्रान्तिकारीकै नेतृत्वमा भएको आन्दोलनका कारण फिर्ता गराउन सम्भव भएको हो। बंगलादेशमा निरंकुश सत्ताको दमनविरुद्ध विद्यार्थी आन्दोलनले नेतृत्व गर्दा नै प्रधानमन्त्री शेख हसिना देश छाड्न बाध्य भइन। यसकारण पनि हामी भन्न सक्छौँ, विद्यार्थी आन्दोलनबाट ठुल्ठुला राजनीतिक, शैक्षिक तथा सामाजिक परिवर्तन सम्भव छ। विद्यार्थीको शैक्षिक अधिकार सुनिश्चितताको सारथि र जनताका जनजीविकाको आवाज र राष्ट्रियताको पहरेदार अबको विद्यार्थी आन्दोलन बन्न जरुरी छ।

नयाँ पत्रिकाबाट

# ५०.७३ अंकले घट्यो नेप्से



काठमाडौँ । नेपाल स्टक एक्सचेन्ज (नेप्से) परिसूचक आइतबार ५०.७३ अंकले घटेको छ। साताको कारोबारको पहिलो दिन नेप्से उक्त अंकले गिरावट आई २ हजार ६३७.७९ को बिन्दुमा झरेको हो ।

२ करोड ४८ लाख कित्ता सेयर किनबेच हुँदा १० अर्ब ३३ करोड भन्दा बढीको कारोबार भएको छ।

नेप्से घटेको दिन ३ वटा कम्पनीको सेयरमा भने सकारात्मक सर्टिक लागेको छ । रिभर फल्स पावर, हिमालय हाइड्रो र रावा इनर्जी डेभलपमेन्टको सेयर १० प्रतिशतले बढेको हो । तर, २५६ कम्पनीको सेयर भने घाटामा कारोबार भएको छ ।

नेप्सेका अनुसार यसदिन १३ वटै उपसूचकहरु रातै भएका छन् । जसमा निर्विवन बिमा कम्पनीतर्फका कम्पनीको सेयरमा सबैभन्दा बढी गिरावट आएको छ ।

# धमनी र नसाको समस्याका कारण लाग्ने ६ रोग

**डा. सन्दीपराज पाण्डे**

कुनै व्यक्तिमा भास्कुलर सिस्टम (रक्तप्रवाहमा महत्वपूर्ण भूमिका भएका धमनी र नसा) सम्बन्धी समस्या छ भने त्यसलाई भास्कुलर रोग भनिन्छ भने त्यस्तो अवस्थामा गरिने सर्जरीलाई भास्कुलर सर्जरी भनिन्छ । भास्कुलर सर्जरीका क्रममा धमनी र नसामा भएका क्षति र आएका समस्यालाई शल्यक्रियाका माध्यमबाट उपचार गरिन्छ। ओपन सर्जरीलाई भास्कुलर सर्जरी भनिन्छ भने सानो प्वालमात्र गरेर गरिने सर्जरीलाई इण्डोभास्कुलर सर्जरी भनिन्छ।

सामान्यतः अधिक धूमपान गर्ने, मधुमेहको समस्या भएका तथा ५० वर्षभन्दा माथिका मानिसमा यस्तो रोग लाग्ने गर्छ । भास्कुलर रोगमा खुट्टामा घाउ हुने समस्या (डायबेटिक फुट), लेग अट्याक, ब्रेन अट्याक (स्ट्रोक), भ्यारिकोज भेन, खुट्टा सुन्निने (लेग स्वेलिङ) तथा एनुरिजम पर्छन् ।

**डायबेटिक फुट**

हरेक वर्ष हजारौं मानिस मधुमेहको शिकार बनिरहेका हुन्छन् । मधुमेहका रोगीले खुट्टाको घाउमा विशेष ध्यान दिनुपर्छ। यस्ता घाउलाई समयमै ध्यान नदिने हो भने खुट्टै काट्नुपर्ने अवस्था पनि आउन सक्छ। रक्तनलीमा रोकावट आएर यस्तो हुन सक्छ।

**लेग अट्याक**

हिँड्ने क्रममा खुट्टामा पीडा हुन्छ या खुट्टाको औंलामा पोलेको जस्तो अनुभव हुन्छ भने भास्कुलर रोग लागेको हुन सक्छ। यो लेग अट्याकको पहिलो लक्षण हुन सक्छ। लेग अट्याक हर्ट अट्याकभन्दा बढी खतरापूर्ण हुन्छ । सुरुमै पत्ता लाग्यो र उपयुक्त उपचार भयो भने यो सजिलै निको हुन्छ। तर, उपचारमा ढिलाइ भयो भने उपचार जटल हुन्छ। यसलाई इन्डोभास्कुलर (एन्जिओप्लास्टी तथा स्टेन्टिङ), तथा ओपेन सर्जरी (बाइपास तथा रिमुभल अफ प्लाक) बाट उपचार गनुपर्ने हुन्छ । अन्तिम अवस्थामा खुट्टा नै काट्नुपर्ने पनि हुनसक्छ। धूमपान गर्ने, मधुमेहको समस्या भएका, उच्च रक्तचाप तथा उच्च कोलेस्टेरोल, ५० वर्ष नाघेका व्यक्तिमा र वंशाणुगत रुपमा यस्तो समस्या हुन सक्छ।

अर्को भास्कुलर समस्या भनेको स्ट्रोक अर्थात् ब्रेन अट्याक पनि हो । दिमागमा रगत आपूर्ति गर्ने घाँटीको 'क्यारोटिड आर्टरिज' नामको रक्तनली विभिन्न कारणबाट साँघुरिएर यस्तो हुन सक्छ। ब्रेन अट्याक हुँदा भास्कुलर सर्जनले ओपन सर्जरी गरेर या स्टेन्टिङ गरेर रक्तनली खुलाउन सकिन्छ।

दिमागमा रगत आपूर्ति हुन नसक्दा दिमागमा स्थायी रुपमा क्षति पुग्छ र पाखुरा तथा खुट्टा चलाउन नसक्ने या बोल्ने र हेर्ने शक्ति नै गुम्ने हुन सक्छ।

यस्तै, दिमागमा आंशिक रुपमा रगत आपूर्ति अवरुद्ध भयो भने ट्रान्साइन्ट इसामिक अट्याक पनि हुन्छ, जसलाई मिनी स्ट्रोक पनि भनिन्छ। यसमा पनि स्ट्रोकमा जस्तै लक्षण देखिन्छ र एक दिनभन्दा कम समय रहन्छ। यसमा स्ट्रोकमा जस्तो दिमागमा स्थायी रुपमा क्षति भने हुँदैन । यसका रिस्क फ्याक्टरहरु उच्च कोलेस्ट्रोल, मधुमेह र उच्च रक्तचाप हुन् ।

**भ्यारिकोज भेन**

खुट्टा तथा पैतालाको नसामा असामान्य अवस्था आउने समस्यालाई भेरिकोज भेन भन्ने गरिन्छ । यसमा खुट्टाको नसा सुन्निले या ठूलो हुने हुन्छ, जुन निकै पीडादायी हुन्छ । समयमै उपचार नगरे नसा फुट्ने या अल्सरसम्म हुने हुन्छ । यसलाई भास्कुलर सर्जनले आधुनिक तरिकाले इण्डोभेनस थर्मल एब्लासन गरेर उपचार गर्छन् । प्रायशः लामो समयसम्म उभिनुपर्ने व्यक्ति, गर्भवती, मोटोपना भएको व्यक्ति, वृद्धवृद्धा र आनुवंशिक रुपमा यो रोग लाग्छ ।

**खुट्टा सुन्निने (लेग स्वेलिङ)**

भ्यारिकोज भेन, लिम्फेडिमा, मुटु फेलियर, मिर्गौला फेलियर आदि कारण खुट्टा सुन्निने हुन्छ। यसो भयो भने सकेसम्म चाँडो भास्कुलर सर्जनलाई देखाइहाल्नुपर्छ।

**एनुरिजम**

भास्कुलर रोगको अर्को गम्भीर रुप भनेको एनुरिजम हो, जुन धमनी (आर्टरी) सुन्निने कारण हुन्छ । यसमा एओर्टा धमनी प्रभावित हुन्छन् । यसमा स्टेन्टिङ र इण्डोभास्कुलर इओर्टिक एनुरिजम रिपियर (एभिएआर) गरिन्छ।

स्वास्थ्य खबरबाट

# वनक्षेत्रमा विस्तारित सडकले वन्यजन्तुको बासस्थान साँघुरिदै



राँझा (बाँके) । बाँके र बर्दिया जिल्लाको वनक्षेत्रमा निर्माण गरिएका सडक संरचना वन्यजन्तुमैत्री नहुँदा वन्यजन्तुको बासस्थान साँघुरिदै गएको छ ।

वनक्षेत्रमा बनाइएका सडक संरचनाले मानवलाई आवागमनमा सहजता भएपनि वन्यजन्तुको बासस्थान खुम्चिँदै जानुका वन्यजन्तुलाई प्राकृतिक रुपले गर्दै आएको आवागमनमा अवरोध सिर्जना हुँदै गएको हो । वन्यजन्तु ओहोरदोहोर गर्ने वनक्षेत्रमा बनेका पक्की सडकमा सवारीसाधन हुइँकिन थालेपछि वन्यजन्तु मानवबस्तीतिर पस्न थालेको विज्ञहरुको भनाइ छ । बाँकेमा वन्यजन्तु ओहोरदोहोर गर्ने कम्दी करिडोरलाई छिचोल्दै अहिले राप्ती सोनारी गाउँपालिकाको फत्तेपुर जङ्गलमा पक्की हुलाकी सडक निर्माण गरिएको छ । पक्की सडक बनेसँगै स्थानीयको दैनिकी सकज भए पनि वन्यजन्तुको आवागमनमा अवरोध सिर्जना भएको शम्शेरगञ्ज सबडिभिजन वन कार्यालयका प्रमुख सहायक वन अधिकृत सुशील सुवेदीले बताए । वनक्षेत्रमा हुलाकी सडक निर्माण गर्दा वन्यजन्तु सहज रुपमा ओहोरदोहोर गर्नसक्नेगरी ठाउँठाउँमा सडकभन्दा तल 'अण्डरग्राउण्ड' सडकभन्दा माथि 'ओभर फ्लाई'को व्यवस्थागरी वन्यजन्तुमैत्री बनाइनु पर्ने भन्दै त्यसो हुन नसक्दा वन्यजन्तुको प्राकृतिक आवागमनमा अवरोध सिर्जना भएको सुवेदीले उल्लेख गरे । बाघ, हात्तीलगायत वन्यजन्तु नेपाल र भारतको जङ्गलमा ओहोरदोहोर गर्ने करिडोरमा वन्यजन्तुमैत्री सडक संरचना नभएपछि जङ्गली जनावर मानवबस्तीमा पसेर क्षति पुर्‍याउँदै आएका छन् ।

बाँके राष्ट्रिय निकुञ्जका प्रमुख मनोज साहले दिगो विकासका लागि नेपालमा वन्यजन्तुमैत्री पूर्वाधार प्रवर्द्धन नहुँदा मानवलाई सहजता भए पनि वन तथा वन्यजन्तुलाई असहज हुँदै गएको बताए । "वन्यजन्तु संरक्षणकर्मी विकास विरोधी होइनन्, सडकसहितका पूर्वाधार निर्माण गर्दा वन्यजन्तुमैत्री हुनुपर्छ", उनले भने-"जथाभावी सडक संरचना निर्माण गर्दा वन्यजन्तु निर्वाध रुपमा आवतजावत गर्न पाउँदैनन्, त्यसैले मानव-वन्यजन्तु द्वन्द्व बढ्दै गएको हो ।"

निकुञ्जका प्रमुख साहले वन्यजन्तु, वातावरण र जलवायु अनुकूलतालाई आत्मसात् नगरी गरिएको पूर्वाधार विकास दिगो नहुने भएकाले पूर्व-पश्चिम राजमार्ग, हुलाकी सडकलगायत संरचना निर्माण गर्दा सडकको मुनिबाट र सडक माथिबाट वन्यजन्तु निर्वाध रुपमा आवतजावत गर्न सक्नेगरी वन्यजन्तुमैत्री संरचना निर्माण गर्न जरुरी भएकामा जोड दिए ।बर्दिया राष्ट्रिय निकुञ्जका प्रमुख डा अशोककुमार रामले निकुञ्ज परिसरमा मात्रै नभएर प्रत्येक वनक्षेत्रमा बन्ने संरचनामा वन्यजन्तु सहज रुपमा आवतजावत गर्ने व्यवस्था हुनुपर्ने बताए । जथाभावी रुपमा पूर्वाधार निर्माणले सामाजिक, आर्थिक र वातावरणमा प्रत्यक्ष प्रभाव पार्ने भएकाले यसबारे समयमा नै सावधानी अपनाएर संरचना बनाउनसके मात्रै दिगो विकास हुने उनले उल्लेख गरे ।

डिभिजन वन कार्यालय बर्दियाका प्रमुख विजयराज सुवेदीले वनक्षेत्रमा अहिले विकासका नाममा निर्माण भएका सडकले वन्यजन्तु हायलकायल अवस्थामा पुगेको बताए । विकासको नाममा एउटै गाउँ पुग्न पाँच वटासम्म बाटो बनाउने अहिलेको कार्यशैलीले मानव-वन्यजन्तुबीच द्वन्द्व बढ्दै गएको उनले दाबी गरे ।

वन तथा वातावरण विद् डा. रोशन शेरचनले विकासबाट मानव, वन्यजन्तु र प्रकृतिलाई पनि फाइदा पुग्नेगरी संरचना निर्माण गर्न सकेमा मानव-वन्यजन्तु द्वन्द्व घट्दै जाने बताए ।

# सुकुम्बासीलाई तत्काल लालपूर्जा वितरण गर्न माओवादी केन्द्रको माग

नवलपुर । नेकपा माओवादी केन्द्र नवपुरले सुकुम्वासीलाई लालपूर्जा वितरणको काम तत्काल अघि बढाउन माग गर्दै कावासोती नगरपालिकाका प्रमुख विष्णु भुसाललाई ज्ञापन पत्र बुझाएको छ ।

माओवादी केन्द्रका कावासोती नगर समितिका अध्यक्ष रामराज पण्डित नेतृत्वको प्रतिनिधि मण्डलले पालिका प्रमुख, उपप्रमुख कार्यालयमा नभेटिएपछि प्रमुख प्रशासकीय अधिकृत लिलाराज पौडेललाई ज्ञापन पत्र बुझाएको हो ।

'लामो समयदेखि यो पालिकामा सुकुम्बासी समस्या जटिल बनाएर सुकुम्बासीप्रति अमानवीय व्यवहार राज्यबाट हुँदै आएको थियो, प्रचण्ड सरकारले त्यसको गाँठो फुकाएर सुकुम्बासीलाई लालपूर्जासहिति जमिन वितरण सुरु गरेको थियो र हजारौं सुकुम्बासीले लालपूर्जा पाएको अवस्था हो । जुन अहिले रोकिएको छ । तुरुन्त यो प्रक्रिया अघि बढाइ लालपूर्जा वितरण गरियोस ।'- ज्ञापन पत्रमा भनिएको छ ।

माओवादीले पालिका भित्रका सार्वजनिक, सरकारी, गुठी, कुलो, ऐलानी र दशकौदेखि चलनचल्तीमा रहेका बाटा भूमाफियाले कब्जा गर्ने, कर्मचारीको मिलेमतोमा दर्ता गर्ने काम भइरहेकोले सिघ्र नापजाच गरी तीन महिनाभित्र पालिकाको अधिनमा ल्याउन पनि माग गरेको छ ।

त्यस्तै पालिकाभित्र रहेका बेथिती र बिचौलियाको अन्त्य गर्न र सर्वसाधारणले सहज रुपमा सेवा सुविधा पाउने वातावरण मिलाउन पनि माओवादीले पालिकालाई आग्रह गरेको छ । तीन महिनाभित्र यी समस्या समााधान नभएमा संघर्ष गर्न बाध्य हुने चेतावनी पार्टीले दिएको छ ।

ज्ञापन पत्र बुझ्दै प्रमुख प्रशासकीय अधिकृत पौडलले नीतिगत रुपमा हुने काम आफूहरुले गर्ने र राजनीतिक माग पूरा गराउनका लागि राजनीतिक तहमै र पालिका प्रमुखसँग पनि समन्वय र सहकार्य गर्न आग्रह गरे ।

# रोटरी क्लब अफ बुटवल चौतारीले पायो अवार्ड




बुटवल । रोटरी इन्टरनेशनल डिष्ट्रिक ३२९२ अन्तर्गत रिजन फाइभका क्लबहरुको भाइब्रेन्ट क्लब कार्यशालामा रोटरी क्लब अफ बुटवल चौतारीलाई दुईवटा अवार्ड प्रदान गरिएको छ ।

रोटरी क्लब अफ बुटवल चौतारीले दुईवटा विषयमा अवार्ड पाएको क्लबका अध्यक्ष नुमलाल पौडे (नुमेन्द्र) ले जानकारी दिए । उक्त कार्यशालामा क्लबले सबैभन्दा बढी सदस्य उपस्थिति गराएको भन्दै अवार्ड प्रदान गरिएको हो । कार्यशालामा रोटरी क्लब अफ बुटवल चौतारीबाट २४ जना उपस्थित भएका थिए ।

त्यस्तै क्लबले होस्ट गरेको भन्दै अर्को अवार्ड पनि प्रदान गरिएको अध्यक्ष पौडेलले बताए । रिजन ५ मा भोट अफ थ्याङ्क्स पनि रोटरी क्लब अफ बुटवल चौतारीले नै पाएको छ ।

**मान्छे...**

सर्पले आफूलाई खतरा महशुस भएमा मात्र मानिसलाई टोक्ने वा आक्रमण गर्ने हो । जब मानिसले झुक्किएर वा जानाजान सर्पलाई चलाउन पुग्छ, तब सर्पले आफ्नो प्रतिरक्षा स्वरूप टोक्न पुग्छ । सर्पलाई समात्न खोज्दा, जिस्क्याउँदा वा मार्न खोज्दा प्रायःजसो सर्पदंशको घटना हुने गर्दछ । सर्पले मानिसलाई आक्रमण गर्छु वा टोक्छु भनी कुरेर बस्दैन, तिनीहरु मानिसलाई देख्दा त सकेसम्म भाग्नै खोज्छन् ।

**पर्यावरणीय, धार्मिक र सांस्कृतिक महत्व**

वातावरण विज्ञका अनुसार सर्पले पृथ्वीमा मानिस जत्तिकै महत्व बोकेको हुन्छ, किनकि सर्प पनि पारिस्थितिक पद्धति को एउटा अभिन्न अङ्ग हो । सर्पले ससाना कीराफट्याङ्ग्रा, माछा, भ्यागुता, छेपारो, चरा र स्तनधारीहरुको आहार गर्दछ भने चिल, बाज़, न्याउरी मुसो आदि प्राणीहरुले सर्प र तिनीहरुको अण्डा आहार गर्दछन् । यसरी नै इकोसिस्टम सन्तुलन भैराखेको हुन्छ ।

सर्पले प्रतक्ष्य वा अप्रतक्ष्य रुपमा वातावरण र जीवजन्तुहरुलाई फाइदा नै पुर्‍याइरहेको हुन्छ । वर्षेनी लाखौं रुपैयाँ बराबरको बालीनाली नष्ट गर्ने मुसा र अन्य कीराफट्याङ्ग्रा मार्न किसानहरुले विभिन्न पेस्ट कन्ट्रोल केमिकल प्रयोग गर्छन् । सर्पले प्राकृतिक तरिकाले नै यी मुसा र कीराफट्याङ्ग्रा खाइदिएर एकातिर किसानको उत्पादन बढाइरहेको हुन्छ भने अर्कोतिर पेस्ट कन्ट्रोल केमिकलको प्रयोगमा कमी ल्याई वातावरण जोगाउन पनि मद्दत पुर्‍याइरहेको हुन्छ ।

**धार्मिक तथा सांस्कृतिक महत्व**

धार्मिक तथा सांस्कृतिक महत्वको हिसाबले पनि सर्प सम्बन्धी धेरै नै किम्वदन्तीहरु सुन्नमा आउँछन् । हिन्दु धर्ममा नागपञ्चमीका दिन सर्पलाई देवताको रुपमा पूजा गर्ने चलन छ । यसो गर्नाले सर्पदंशबाट बच्ने र सुख शान्तिले बास गर्छ भन्ने धार्मिक आस्था रहिआएको छ ।

**चिकित्सकीय महत्व**

सर्पको विष, एन्टी स्नेक भेनम बनाउन प्रयोग हुन्छ, जुन फेरि सर्पकै टोकाइको उपचार गर्न प्रयोग गरिन्छ ।

मानिसको ज्यान बचाउन सक्ने अन्य धेरै औषधीहरु बनाउन पनि सर्पको विष प्रयोग गरिन्छ ।

न्युरोटक्सिन विषबाट बनाइएका औषधीहरु मस्तिष्कको चोट, स्ट्रोक, मानसिक तनावको उपचारका साथै पीडा कम गर्ने औषधीको रुपमा प्रयोग हुन्छ ।

हेमोटक्सिन विषबाट बनाइएका औषधीहरु हृदयघात र रक्तचापसम्बन्धी उपचार गर्न प्रयोग गरिन्छ ।

यी सबै पक्षबारे महोत्सवले आम सर्वसाधारण र सरोकारवाला निकायमा जनचेतना फैलाउने आयोजकको विश्वास छ ।

**४० सह-सचिवको...**

युवा तथा खेलकुद मन्त्रालयका विदुरप्रसाद खनाललाई मुख्यमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालय बागमती, केशवराज सुवेदीलाई मुख्यमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालय मधेशप्रदेशबाट बागमतीको मुख्यमन्त्री तथा मन्त्रिपरिषदको कार्यालय, लोकसेवा आयोगका सहसचिव तुल्सीनाथ गौतमलाई मुख्यमन्त्री तथा तथा मन्त्रिपरिषद्को कार्यालय बागमतीमै सरुवा गरिएको छ ।

पुरुषोत्तम शर्मा गण्डकीको आर्थिक मामिला मन्त्रालयबाट लोकसेवा आयोगमा आएका छन् । प्रदेश प्रमुखको कार्यालय गण्डकीका सेबन्तराज दाहाललाई राष्ट्रिय प्राकृतिक स्रोत तथा वित्त आयोग र शम्भुप्रसाद मरासिनीलाई अर्थ मन्त्रालयबाट ऊर्जा जलस्रोत तता सिँचाइ मन्त्रालयमा पठाइएको छ ।

तोयानारायण सुवेदी ऊर्जा जलस्रोत तथा सिँचाइ मन्त्रालयबाट उपराष्ट्रपतिको कार्यालयमा पुगेका छन् भने सामान्य प्रशासन मन्त्रालयको अतिरिक्त समूहमा रहेका वीरेन्द्रदेव भारतीलाई जीतपुर सिमरा उपमहानगरपालिकामा प्रमुख प्रशासकीय अधिकृतका रुपमा खटाइएको छ ।

कमानसिंह खत्रीलाई कर्णालीको आन्तरिक मामिला तथा कानुन मन्त्रालयबाट राष्ट्रिय दलित आयोगमा ल्याइएको छ भने कृष्ण पौडेललाई लुम्बिनीको मुख्यमन्त्रीको कार्यालयबाट थारु आयोगमा सरुवा गरिएको छ ।

उमेशकुमार ढकाल संघीय मााीला तथा सामान्य प्रशासन मनत्रालयबाट गृह मन्त्रालयमा सरुवा भएका छन् र प्रकाश पौडेल गण्डकीको सामाजिक विकास तथा स्वास्थ्य मन्त्रालयबाट गृह मन्त्रालयमा पुगेका छन् । श्रम रोजगार तथा सामाजिक सुरक्षा मन्त्रालयका गोबिन्दप्रसाद रिजालको सरुवा पनि गृहमा नै भएको छ ।

प्राविधि सहसचिव कमलराज श्रेष्ठको सरुवा मुख्यमन्त्री तथा मन्त्रिपरिषदको कार्यालय सदूरपश्चिममा भएको छ । भौतिक पूर्वाधार विकास मन्त्रालय सदुरपश्चिमका सहसचिव सुरतकुमार बमको सरुवा खानेपानी मन्त्रालयमा भएको छ ।

गण्डकीको ऊर्जा जलस्रोत तथा सिँचाइ मन्त्रालयका सहसचिव गणेशराज वस्ती शहरी विकास मन्त्रालयमा आएका छन् । शहरी विकास मन्त्रालयका कमलकुमार अधिकारीको सरुवा मुख्यमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालय गण्डकीमा भएको छ । जल तथा मौसम विज्ञान विभागका उपमहानर्देशक राजन भट्टराई पनि मुख्यमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालय गण्डकीमा पुगेका छन् ।

राजेन्द्रप्रसाद भण्डारीको सरुवा सामान्य प्रशासन मन्त्रालयको अतिरिक्त समूहबाट शिक्षा विज्ञान तथा प्रविधि मन्त्रालयमा भएको छ । भवन निर्माण विभागको पूल समूहबाट भीमार्जुन पाण्डेको मुख्यमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालय लुम्बिनीमा सरुवा भएको छ ।

माधवप्रसाद भट्टराईको भौतिक पूर्वाधार विकास मन्त्रालय लुम्बिनीबाट शहरी विकास मन्त्रालयमा सरुवा भएको छ । खानेपानी उर्जा तथा सिँचाइ मन्त्रालय बागमतीका इन्द्रदेव भट्ट ऊर्जा जलस्रोत तथा सिँचाइ मन्त्रालयमा आएका छन् । ऊर्जा जलस्रोत तथा सिँचाइ मन्त्रालयका मोहनकुमार शाक्य खानेपानी उर्जा तथा सिँचाइ मन्त्रालय बागमतीमा पुगेका छन् ।

उद्योग पर्यटन तथा वातावरण मन्त्रालय गण्डकीबाट रामचन्द्र कँडेल वन तथा वातावरण मन्त्रालयमा सरुवा भएका छन् । वन तथा वातावरण मन्त्रालयका जीवनाथ पौडेलको सरुवा मुख्यमन्त्रीको कार्यालय गण्डकीमा भएको छ ।

वन तथा वातावरण मन्त्रालयका दीर्घनारायण कोइरालालाई मुख्यमन्त्रीतथा मन्त्रिपरिषद्को कार्यालय कर्णालीमा पठाइएको छ । केदार बराल कर्णालीको उद्योग पर्यटन वन तथा वातावरण मन्त्रालयबाट मुख्यमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालय बागमतीमा पुगेका छन् ।

धिरेन्द्रकुमार प्रधानलाई वन तथा वातावरण मन्त्रालयका बागमतीबाट वन तथा वातावरण मन्त्रालयमा ल्याइएको छ । रमेश शर्मा पौड्यालको प्रधामनन्त्री तथा मन्त्रिपरिषदको कार्यालयबाट सञ्चार तथा सूचना प्रविधि मन्त्रालयमा सरुवा भएको छ ।

हाल सूचना प्रविधि विभागका महानिर्देशक रहेका प्रेमशरण श्रेष्ठलाई प्रधानमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालयमा ल्याइएको छ । अनिलकुमार दत्तलाई अर्थ मन्त्रालयबाट सञ्चार तथा सूचना प्रविधि मन्त्रालयमा फिर्ता पठाइएको छ ।

## शिक्षक आवश्यकता

मिति : २०८१/०३/३०

प्रस्तुत विषय सम्बन्धमा यस पाल्हीनन्दन गाउ शिक्षा समितिको मिति २०८१ /०५/२५ को निर्णयानुसार र पाल्हीनन्दन गा.पा वडा नं. १ मा अवस्थित श्री बाल शिक्षा निकेतन माध्यमिक विद्यालयको मिति २०८१ /०५/२८ गतेको विव्य स.को प्रथम पटकको निर्णय अनुसार एक जना मा. वि. तह संधिय शिक्षण अनुदान कोटामा गणित शिक्षक पदपूर्ति गर्नुपर्ने भएकोले योग्यता पुगेका इच्छुक नेपाली नागरिकहरुले यो सूचना प्रकाशित भएको मिति देखी पन्ध्र (१५) दिन भित्र यस विद्यालयको सिटिजन बैंक लिमिटेड की खाता नं. १४१०५००००१६१२०१ मा रकम दाखिला गरेको सक्कल भौचर सहित तपसिल अनुसार निवेदन दिनुहुन सबैको जानकारीको लागि यो विज्ञापन प्रकाशित गरिएको छ ।

**१. विज्ञापन नं. ०१/०८१ /०८२** **२ पद : मा.वि. गणित शिक्षक** **३. संख्याः १ (एक)**
**४. नियुक्तिको किसिम मा.वि तह संघिय शिक्षण अनुदान कोटा** **५. करार अवधीः १ वर्ष मात्र**
**६. आवेदन दस्तुरः २०००/-**
**७. शैक्षिक योग्यताः मान्यता प्राप्त शिक्षण संस्थाबाट मुल विषय गणित लिइ स्नातक वा सो सरह उत्तिर्ण गरेको**
**८ उमेरः १८ वर्ष पूरा भई ४० वर्ष ननाघेको** **९ तलब स्केल : नेपाल सरकारले तोके बमोजिम**
**१०. परीक्षाको किसिम : लिखित, मौखिक तथा प्रयोगात्मक**
**११. सलग्न गर्नुपर्ने प्रमाणहरुः नेपाली नागरिकता र शैक्षिक योग्यताका प्रमाण प्रतिलिपि, हस्तलिखित निवेदन, शिक्षण अनुमति पत्रको प्रतिलिपि**
**१२ दरखास्त दिने अन्तिम मितिः २०८१/०६/१४ गते दिउँसो ४ वजे सम्म** **१३. सम्पर्क मिति :२०८१ /०६/१५ गते**
**१४. परीक्षा मिति : सम्पर्क मितिको दिन जानकारी गराइने**
**१५. आवेदन दिने स्थान : बाल शिक्षा निकेतन मा.वि.**

**श्री बालशिक्षा निकेतन माध्यमिक विद्यालय**
**पाल्हीनन्दन-१, सुनरी नवलपरासी (पश्चिम)**
**सम्पर्क नं.: ९८१०७३५१६०, ९८१५४५१४८१**

**नेपाल सरकार**
**कृषि तथा पशुपन्छी विकास मन्त्रालय**
**प्रधानमन्त्री कृषि आधुनिकीकरण परियोजना**
**परियोजना, कार्यान्वयन एकाइ**
**भैरहवा, रुपन्देही**

## कृषि तथा पशुपन्छी उद्यमशिलता विकास कार्यक्रम संचालनका लागि प्रस्ताव आव्हान सम्बन्धी सूचना

सूचना प्रकाशित मितिः २०८१/०५/३१

प्रधानमन्त्री कृषि आधुनिकीकरण परियोजना, परियोजना कार्यान्वयन एकाइ, रुपन्देहीको चालु आ.व. २०८१/८२ को स्वीकृत वार्षिक कार्यक्रम अनुसार तपसिल बमोजिमको कृषि तथा पशुपन्छी उद्यमशिलता विकास कार्यक्रम संचालन गर्नुपर्ने भएकोले कृषि तथा पशुपन्छी विकास मन्त्रालयबाट स्वीकृत कृषि तथा पशुपन्छी उद्यमशिलता विकास कार्यक्रम संचालन कार्यविधि, २०८० को परिच्छेद ३ को दफा ९(१) बमोजिम योग्यता पुगेका इच्छुक कृषि उद्यमी/युवा/फर्महरुले तपसिलमा उल्लेखित आवश्यक कागजात सहित यो सूचना प्रकाशित भएको मितिले दशैं विदा बाहेक ३० औं दिन भित्र अर्थात् (मिति २०८१/०७/०४ गते भित्र) यस कार्यालयमा तपसिल अनुसारका कागजातहरु सहित आवेदन प्रस्ताव पेश गर्नुहुन सम्बन्धित सबैमा जानकारी गराइन्छ ।

तपसिल

| संचालन हुने कार्यक्रमको नाम | लक्षित लाभग्राही | कार्यक्रमको संचालन हुने क्षेत्र | कार्यक्रम संचालन गर्न सकिने बाली/वस्तु क्रियाकलापहरु | अनुदान रकम |
|---|---|---|---|---|
| कृषि तथा पशुपन्छी उद्यमशिलता विकास कार्यक्रम | १८ देखि ५० वर्ष उमेर समूहभित्रका कृषि उद्यमी, निजी फर्म संचालक तथा कृषक समुह/कृषि सहकारी संस्थामा आबद्ध भएका कृषि उद्यमी | रुपन्देही तथा नवलपरासी (ब.सु.प.) जिल्लाभरि | कार्यविधि बमोजिम प्रस्ताव मूल्याङ्कन समितिबाट प्राथमिकीकरण भएका क्षेत्रहरु | कार्य सम्पन्न प्रगतिका आधारमा अधिकतम चार लाख रुपैया वा कुल लागतको बढीमा पचास प्रतिशत रकम अनुदान स्वरुप उपलब्ध गराइने । |

**निवेदन साथ संलग्न गर्नुपर्ने कागजातहरुः**

(१) कार्यक्रम संचालन सम्बन्धी निर्दिष्ट ढाँचा बमोजिमको प्रस्ताव।
(२) निवेदकको व्यक्तिगत तथा तिनपुस्ते विवरण खुल्ने कागजातहरु (नागरिकताको प्रतिलिपि)।
(३) कार्यक्रम संचालनका लागि आवश्यक जग्गा सम्बन्धी कागजातको प्रतिलिपि (जग्गाधनी प्रमाणपत्रको प्रतिलिपि वा भाडामा जग्गा लिएको भएमा जग्गाधनीसँग कम्तीमा ५ वर्ष र प्रशोधन तथा भण्डारणसँग सम्बन्धित संरचना निर्माणतर्फ कम्तीमा १० वर्षका लागि गरिएको सम्झौतापत्रको प्रतिलिपि)।
(४) उद्यम वा व्यवसाय दर्ता भएको प्रमाणपत्रको प्रतिलिपि, आ.व. २०८०/८१ सम्मको कर चुक्ता गरेको विवरणको प्रमाणितप्रतिलिपि, कारोवार सम्बन्धी अन्य कागजातहरु।
(५) स्थायी लेखा नं. प्रमाण पत्रको प्रतिलिपि।
(६) कृषक समुह/कृषि सहकारी संस्थाको सदस्य भएमा सम्बन्धित सहकारी संस्थाको सिफारिश पत्र, संस्थाको दर्ता र करचुक्ता प्रमाणपत्रको प्रतिलिपि ।
(७) निवेदकको नागरिकता वा नेपाल सरकारबाट जारी गरिएको फोटोसहितको परिचय खुल्ने प्रमाणपत्रको प्रतिलिपि ।
(८) स्थानीय तहको कृषि/पशु शाखाको सिफारिस पत्र।
(९) प्रस्तावित कार्यक्रमको लागि अन्य कुनै संस्थाबाट अनुदान प्राप्त नगरेको स्वघोषणा पत्र।

द्रष्टव्यः कृषि तथा पशुपन्छी उद्यमशीलता विकास कार्यक्रम संचालन कार्यविधि, २०८० (कार्यविधि संशोधन भएमा सोही कार्यविधि अनुसार) तथा कार्यविधिमा निर्दिष्ट गरिएका प्रस्तावना फारम र कार्यक्रम संचालन गर्न सकिने प्राथमिकीकरण गरिएको बाली/वस्तु तथा मूल्य श्रृंखलाको क्षेत्रहरुको विस्तृत विवरण यस कार्यालयको वेभसाइट तथा कार्यालयमा प्रत्यक्ष सम्पर्क राखी प्राप्त गर्न सकिनेछ ।

थप जानकारीको लागि परियोजनाको Website:piurupandehi.pmamp.gov.np

फोन नं. ०७१५७०२०१, ०७१५७०९१७, ९८५७०१६९१७, ९८५७०१७३८१, ९८५७०११२४०, ९८५७०१०८६३ मा सम्पर्क राख्नु हुन अनुरोध छ ।

**नारायण काफ्ले (वरिष्ठ कृषि अधिकृत)**

**ट्वाइलेट सफा गराउनुहोस्**
के तपाईंको घरको शिट, नाली, जाम भयो भने चिन्ता नलिनुहोस र सेनेटरी जगतमै बढी क्षमता, अत्याधुनिक प्रविधि, पावर फूल रोटर भ्याकुम पम्प, बिजुली नचाहिने एक मात्र सेनेटरीलाई सम्पर्क गर्नुहोस् । लोडसेडिङ्गको बेला पनि सेवा दिइने छ ।
सम्पर्कः
**तिनाउ सेनेटरी**
बुटवल-१०, सुख्खानगर, रूपन्देही,
फोनः ९८५७०५८८१३,९८०७१८०८१३

**ट्वाइलेट सफा गराउनुहोस्**
सेफ्टी ट्याङ्की, भरिएर, शिरनाली जाम भएर समस्या परेको छ ?
हामी तपाईंको समस्या तुरुन्त ५ मिनेटमै हल गरी दिनेछौं ।
क्षेत्रः लुम्बिनी, भैरहवा, परासी, बुटवल मर्चवार

प्रो. रामशाह शाहानी
**विशाल सेनेटरी**
बर्मेलीटोल, भैरहवा
मो.9847324755,9804406297

**ट्वाइलेट सफा गराउनुहोस्**
तपाईको सहर बुटवल तथा लुम्बिनी अंचलमा आधुनिक जापानीय मेशिनद्वारा सेफ्टी टंकी ट्वाइलेटको रिङ्ग भरिएमा १० मिनेटमा नै सफा गरिनेछ ।
- ट्वाइलेट, बाथरुम, किचन र नाली जाम भएमा हामीलाई सम्झनुहोस् ।
- लोडसेडिङ्ग भएको बेलामा पनि अत्याधुनिक भ्याकुमद्वारा १० मिनेटमै सफ्टी टंकीको रिङ खाली गरिने छ ।
सुपथ मूल्यमा काम गर्ने र गराउन हामीलाई एक चोटी सेवा गर्ने मौका दिनुहोस
सम्पर्कः
**सीताराम सफा सेनेटरी**
भैरहवा
९८६९७८९२७५,९८००७६०६२२

# 'घरभाडा घटाएर बुटवलमा व्यवसायी टिकाउनुपर्छ'

*बुटवलको खस्किदो व्यापार उठाउनका लागि यहाँका व्यवसायिक संघसंस्थाहरुले प्रयास गर्दै आएका छन् । पार्किङको समस्या र चर्को घरभाडालाई यहाँको व्यापार गिर्नुको मुख्य कारणको रुपमा लिइएको छ । यद्यपी पार्किङ र घरभाडा मात्रै नभएर व्यापारमा गिरावट आउनुका पछाडि अरु धेरै कारणहरु छन् । ती समस्यालाई समाधान गर्नको लागि नेतृत्वदायी भूमिका गरिरहेको यस क्षेत्रकै निजी क्षेत्रको पुरानो संस्था बुटवल उद्योग वाणिज्य संघ रुपन्देहीका अध्यक्ष हरिप्रसाद अर्यालसँग गरिएको संक्षिप्त कुराकानी :*



**हरिप्रसाद अर्याल**
**अध्यक्ष**
**बुटवल उद्योग वाणिज्य संघ**

*» पछिल्लो समय बुटवलको व्यापार गिर्यो, व्यवसायीहरु पलायन हुन थाले भन्ने छ । यसलाई तपाईले कसरी लिनुभएको छ ?*

कोरोना महामारीपछि बुटवलको व्यापार खस्किदै गएको हो । पहिला कोरोना महामारी भयो, त्यसपछि आर्थिक मन्दि भयो, पछि रुस-युक्रेन युद्धका कारण पनि हामी मात्रै नभएर सबैतिर त्यसको प्रभाव परेको हो । यी सबैकुरा विस्तारै सुधार हुँदै पनि गएका छन् । तर बुटवलको व्यापार आजभन्दा भोली, भोलीभन्दा पर्सी दिन प्रतिदिन गिर्दै गएको हामीले महसुस गरेका छौं । बुटवलको व्यापारलाई यी सबै कुराले प्रभाप पार्यो । सँगसँगै अन्यत्र पनि समानान्तर रुपमा व्यवसायिक प्रतिष्ठानहरु खुल्ने क्रम बढ्दै गयो ।

बुटवलमा पार्किङको समस्या छ । पार्किङको समस्या उपभोक्ताका लागि प्रतिकुल बन्यो । एकातिर व्यापार छैन, घरभाडा बढिरह्यो । कोरोना महामारी, आर्थिक मन्दीलगायतका कारण पनि प्रदेश राजधानीले बुटवलको व्यापार जेनतेन धानिएको थियो । तर प्रदेशको राजधानी पनि सारिएपछि बुटवलको व्यापारको अवस्था दर्दनाक भएको छ । व्यवसायीहरु धमाधम पलाएन हुने स्थिति आएको छ ।

*» बुटवलको व्यापार खस्किनुका खास खास कारणहरु के हुन् जस्तो लाग्छ तपाईंलाई ?*

यहाँको व्यापार व्यवसाय, उद्योग धन्दा-कलकारखाना कोरोना महामारीपछि तंग्रिसकेको थिएन । लगत्तै आर्थिक मन्दी भयो । उद्योगी व्यवसायीलाई फेरि समस्या थपियो । उद्योगी व्यवसायीलाई उठाउनेगरी सरकारले पनि कार्यक्रम ल्याउन सकेन । ल्याएका कार्यक्रम पनि प्रभावकारी रुपमा कार्यान्वयन भएनन् । हामीले सबैकुरा अरुलाई दोस दिएर मात्रै उम्किन मिल्दैन । केही कमिकमजोरी हाम्रा पनि हुन सक्छन् । पाँच वर्षसम्म प्रदेशको राजधानी राखेपछि त्यसले एउटा बाटो समातिसकेको थियो । एकाएक प्रदेशको राजधानी सारियो । एउटा अर्को प्रमुख कारण प्रदेशको राजधानी सारिनु हो । एकातिर व्यापार छैन अर्कोतिर घरभाडा चर्को छ । त्यसैगरी पार्किङको पनि समस्या छ । यी सबै कुरा मिलेका कारण यहाँका व्यापार खस्किँदै गएको हो भन्ने हाम्रो बुझाइ हो ।

*» बुटवलको खस्किदो व्यापार, व्यवसायलाई उठाउनको लागि संघले के गरिरहेको छ ?*

बुटवलको व्यापार खस्किनुमा व्यवसायीहरुको मात्रै समस्या पक्कै होइन । वास्तवमा यहाँका घरधनीको पनि समस्या हो । यहाँका व्यापार व्यवसाय बचाउन सकियो भने मात्रै बजार बचाउन सकिन्छ । यदि व्यापार व्यवसाय बचाउन सकिएन भने व्यापार व्यवसाय पलायन हुन्छ । घरधनीले भाडा उठाउन पनि बन्द हुन्छ । यहि कुरालाई मध्येनजर गरेर हामीले निरन्तर पहल र पैरवी गरिरहेको जानकारी गराउन चाहन्छौं । व्यवसायीको व्यवसाय बचाउनको लागि हामीले घरधनीहरुलाई आह्वान गरेका छौं । स्थानीय सरकार बुटवल उप-महानगरपालिकामा पनि पहल गरिरहेका छौं । बुटवल उद्योग वाणिज्य संघले आफ्नै भवनमा रहेका व्यवसायीहरुलाई निरन्तर पछिल्लो दुई वर्ष भाडा घटाएर अरु घरधनीहरुलाई उदाहरण पनि प्रस्तुत गरेका छौं । त्यो कुरालाई नगरपालिकाले पनि ग्रहण गरेको छ । कतिपय घरधनीहरुले पनि बुझिदिनु भएको छ । तर आम रुपमा अझैं पनि बुझाउन सकिरहेका छैनौं ।

त्यस्तै यहाँ पार्किङको समस्या पनि उस्तै छ । यो समस्या बुटवल उद्योग वाणिज्य संघको मात्रै समस्या होइन । यहाँका अरु व्यवसायिक संघसंस्थाको पनि समस्या हो । यसमा सबैको सामूहिक प्रयास भयो भने समस्या समाधान गर्न पनि सहज हुनसक्छ । त्यसकारण संघको पहलमा यहाँका अरु व्यवसायिक संस्थाहरुसँग समन्वय गरेर स्थानीय सरकारको समेत सहभागितामा पार्किङ व्यवस्थापन समिति गठन भएको छ । उक्त समितिले केही प्रयास पनि गरेको छ । त्यस्तै व्यवसायिक वातावरणका लागि स्थानीय, प्रदेश र संघीय सरकारलाई हामीले पहल पनि गरिरहेका छौं ।

# टाटाको पञ्च इभी लञ्च



बुटवल । सिप्रदी ट्रेडिङ्ग प्रा. लि.को अधिकारिक डिलर सफल अटो इन्टरनेशनलबाट बुटवलमा र अम्बु मार्केटिंगबाट भैरहवामा बहुप्रतीक्षित गाडी टाटा पञ्च इभीको लञ्च गरिएको छ ।

कार्यक्रममा गाडी बुक गरेका ग्राहकहरुलाई गाडी हस्तान्तरण पनि गरिएको छ । सो कार्यक्रममा सिप्रदी ट्रेडिङ्ग प्रा. लि.का तर्फबाट सीओओ राजेश गिरी र प्यासेञ्जर भेहिकलका बिजनेस युनिटका प्रमुख सावन्तजंग सिजापती साथै सिद्धार्थनगर उद्योग वाणिज्य संघका अध्यक्ष ठाकुर प्रसाद श्रेष्ठले आ-आफ्ना भनाइहरु राख्दै अबको समय विद्युतीय सवारी साधनको भएकोमा जोड दिए ।

टाटा पञ्च इभीको लञ्च गर्न पाउँदा निकै उत्साहित रहेको सफल अटो इन्टरनेशनलका निर्देशक दिनेश शर्माले जानकारी दिए । साथै पहिले नेक्सन इभी र गत वर्ष टियागो इभीले बुटवलमा एकदम राम्रो बजार लिएको र अब पञ्च इभीले पनि उत्कृष्ट बजार लिनेमा विश्वस्त रहेको उनले बताए ।

त्यसैगरी अम्बु मार्केटिंगका प्रोपाइटर पुरुषोत्तम पराजुलीले पनि अहिले भैरहवामा टियागो इभी अत्याधिक रुचाइएको गाडी रहेको र अब पञ्च इभीलाई पनि ग्राहकहरुले त्यसरी नै रुचाउने कुरामा दुई मत नरहेको बताए ।

टाटा पञ्च इभीको शुरुवाति मूल्य रु. ३३ लाख ९९ हजारमा सार्वजनिक गरिएको हो । पञ्च इभी ३३.९९ को भेरिएन्टमा योभन्दा दुई सेगमेन्ट माथिको विशेषताहरु भ्वाइस एसिस्टेड सनरुफको साथै, ३६० डिग्री क्यामेरा, लेदररेटेड भेन्टिलेटेड सिट, ६ वटा एयरब्याग, वायरलेस चार्जर र वायरलेस एन्ड्रोइड अटो/ एप्पल कार प्लेको आनन्द लिन सकिन्छ ।

पञ्च इभीको ग्राउन्ड क्लियरेन्स १९० मिमि रहेको छ भने यो गाडी BNCAP मा ५ स्टार सेफ्टी रेटिंग पाएको गाडी हो ।

# सरकारी निकायको कमी कमजोरीले समस्या : वैद्य




**गौरीशंकर जयसवाल**
*परासी*

नेपाल उद्योग वाणिज्य महासंघका जिल्ला /नगर उपाध्यक्ष सुरकृष्ण वैधले सरकारी निकायको कमि कमजोरी गर्दा उद्योग व्यवसाय समस्यामा परेको बताएका छन् । उनले सरकारले उद्योग व्यवसायलाई गर्नुपर्ने कार्य नगरेकोले उद्योग व्यवसाय समस्य भएको बताएका हुन् ।

आइतबार नवलपरासी उद्योग वाणिज्य संघले आयोजना गरेको उत्पतिको प्रमाणपत्र जारी भएको व्यवस्था भन्सार र ाजस्वलगायतको विषयमा अन्तरक्रिया कार्यक्रम सम्बोधन गर्दै वैधले आयतभन्दा निर्यात गर्नुपर्नेमा सबै उद्योगहरूलाई आग्रह गरे ।

उद्योग व्यवसायको समस्य समाधानका लागि र ाज्यसँग पुर्याउने यसको समाधानको लागि सरकारसँग माग गर्दै आएको बताए । 'अहिले उद्योग व्यवासय धरासयी भएकोले यसलाई कसरी अगाडि बढाउने र उद्योग व्यवसाय धरासयी चलामयन बनाउने सरकारले नीति ल्याउनुपर्छ ।'-वैधले भने ।

अहिले उद्योग चलाउने काम भारतबाट आएका युवा कामदारले गरिरहेकोले आफ्नै देशका युवाहरूलाई उद्यमशिल बनाउने खालको कार्यक्रम सरकारले ल्याउनुपने आश्वयक रहेको उनको भनाइ थियो । युवाहरूलाई विदेश जान नदिन बिमाको माध्यमबाट युवाहरूलाई कर्जा दिनुपर्छ सरकारले, यस्तो गरेमा मात्रा आफ्नै देशमा भएका युवाहरूले उद्योगमा काम गर्ने र यसले गर्दा युवाहरू विदेशिने क्रम कम हुने वैधले बताए ।

कार्यक्रममा जिल्लाका उद्योग व्यवसायीले भोग्दै आएको समस्याहरूका बारेमा जानकारी गराएका थिए । नवलपरासी उद्योग वाणिज्य संघ परासीका कार्यबाहक अध्यक्ष नगेन्द्र अग्रहरिको अध्यक्षता भएको कार्यक्रममा, नेपाल उद्योग वाणिज्य महासंघ लुम्बिनी प्रदेशका निवर्तमान अध्यक्ष गुणनिधि तिवारी, नेपाल उद्योग वाणिज्य महासंघका केन्द्रीय सदस्य केशव भण्डारी, उद्योग वाणिज्य संघका उद्योग उपाध्यक्ष गिरीराज पाण्डेय, संघ महासचिव तारा आर्चयालगायले जिल्लाका उद्योग व्यवसायको समस्याका बारेमा जानकारी गराएका थिए ।

## पश्चिमाञ्चल यातायात व्यवसायी समिति, प्रधान कार्यालय बुटवलको

**सूचना ! सूचना !! सूचना !!!**

**प्रथम पटक प्रकाशित मितिः २०८१।०५।३१**

यस पश्चिमाञ्चल यातायात व्यवसायी समिति प्रधान कार्यालय बुटवलमा रहेका तर प्रयोगमा आउन नसक्ने सम्पूर्ण कवाडी सामानहरु जस्तै कुर्सी, टेबल, कम्प्युटर, प्रिन्टर, व्याट्री, पंखा, मोटर, एसी, इन्भरटर विभिन्न सवारी साधनका पार्ट पूर्जाहरु, विद्युत पोल, केबुल तार आदि लगायतका विभिन्न कवाडी सामानहरुको लिलाम विक्री गरिने हुँदा जे जस्तो अवस्थामा छन् सोही अवस्थाबाट उठाउने गरी खुल्ला बढाबढबाट विक्री गरिने हुँदा खरिद गर्न इच्छुक व्यक्ति, फर्म वा संस्थाबाट सूचना प्रकाशित भएको मितिले १५ दिनभित्र दरखास्त आह्वान गरिन्छ ।

**१) दरखास्त फाराम शुल्क रु ५००।-**

**नोटः सम्पर्कको लागि**

**०७१-४१५४५१, ९८५७०२०५१८ ,९८५७०३०८१०, ९८५७०२६४९९**

**खिम बहादुर थापा क्षेत्री**
**महासचिव**

आकर्षक डिजाइन तथा छपाई
सबै किसिमका रंगिन तथा सादा डिजाइनका साथै सम्पूर्ण छपाईको लागि सधै हामीलाई सम्भनुहोस्
सम्पर्कः
आइडिया डिजाइनर्स/अफसेट प्रेस
बुटवल-७, पुरानो बसपार्क (सब्जीमण्डी पछाडि)
यातायात मजदूर संघको भवनमा
फोनः-०७१-५५०२९३
मो.९८५७०३५३८०,९८४७१२३९५७
E-mail:ideapressbtl@gmail.com

ट्वाइलेट सफा गराउनुहोस्
बुटवल सेनेटरी प्रा.लि.
९७४५४०५९७३, ९८०७४०९८५२
सेफ्टी टंकी, रिङ्ग सफा गर्नु परेमा तथा सेनेटरी सम्बन्धी कुनै पनि काम परेमा हामीलाई सम्पर्क गर्नुहोस् ।
मनिषा सेनेटरी ९८५११९७९६६, ९८४७१२४१८५
शर्वेस सेनेटरी ९८४७०३९१४३, ९८५७०३४३८३
रियुस सेनेटरी ९८११४२८७३०
रेसुङ्गा सेनेटरी/रेसुङ्गा वाटर सप्लायर्स ९८५७०५७०७०

नेपाल सरकारद्वारा मान्यता प्राप्त पश्चिम नेपालकै पहिलो बहु विशेषज्ञ दन्त अस्पताल
आले डेण्टल हस्पिटल प्रा. लि.
श्रवणपथ, बुटवल-६, रुपन्देही, नेपाल (भुड्कीचोक देखि ५० मिटर पूर्व)
071-530108, 532544 dentalhospitalale@gmail.com www.aledentalhospital.com
दाँत, मुख तथा गिजा उपचार केन्द्र






"Healthy Smile, Happy Life" Our Location "स्वस्थ मुस्कान, खुशी जीवन"

सिद्धार्थ पब्लिकेशन (प्रा.) लि. द्वारा प्रकाशित दैनिक लुम्बिनीको लागि अध्यक्षः मोहन चापागाईं, सल्लाहकारः एम.बी. विश्वकर्मा, प्रबन्ध सञ्चालकः महेश रिजाल, सम्पादकः शेरबहादुर केसी, सह-सम्पादकः टिआर शर्मा,
प्रधान कार्यालयः बुटवल-११, माझगाउँ, रूपन्देही, लुम्बिनी प्रदेश नेपाल, फोन : ०७१-५३०६४०, ५३७६४० इमेलः dainiklumbiniadd@gmail.com (Advt), lumbininews@gmail.com (News) मुख्य शाखा कार्यालय भैरहवा, फोनः ०७१-५७२२६७ वेबसाइडः www.lumbinipatrika.com